# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८१ कार्तिक १ गते देखि २०८१ पौष मसान्तसम्मको विवरण समावेश गरिएको

**जानकारीमूलक पुस्तिका**

प्रकाशन मितिः २०८१ माघ १४ गते

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१
फ्याक्स नं. ०५६५१५७७१
टोल फ्री नं. १६६०५६५२२२२
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

अधिकृत

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्ला: चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफल: ४३२.९५ बर्ग कि.मी.
- वडा संख्या: २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्या: ९६५९१ जनसंख्या: ३६९२६८ महिला:१९०३७१ पुरुष:१७८८९७ साक्षरता प्रतिशतः ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्या: ८३४
- औसत तापक्रम: न्यूनतम १० डिग्री सेल्सीयस. देखि अधिकतम ४० डिग्री सेल्सीयस सम्म
- विद्यालय: आधारभूत विद्यालय ७९, मा. वि. १३०

शाखा अधिकृत

२. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

...खा अधिकृत

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ४४२ रहेकोमा हाल ८३४ जना कार्यरत रहेका छन् ।

४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद पौडेल समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

## ७. २०८१ कार्तिक १ गते देखी पौष मसान्तसम्म महाशाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु

### शहरी पूर्वाधार विकास

- "व्यवस्थित पूर्वाधार, समृद्धिको आधार" को अवधारणा बमोजिम महानगरलाई समृद्ध, स्वच्छ, सफा, हरियालीयुक्त र सुरक्षित रूपमा विकास गर्न एकीकृत सहरी विकास गुरु योजना तयार गरी दिगो र आत्मनिर्भर सहरी पूर्वाधारहरू निर्माण गर्नका लागि TOR तयार गरी प्रकृया अगाडी बढाइएको छ।
- "उज्यालो भरतपुर" अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ती, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान पहिलो चरण सम्पन्न भई दोस्रो चरणमा १५० किमि सडकमा १० वटा हाई मास्ट, ६० वटा मिनी मास्ट बत्ती जडान कार्य सुरु गरिएको छ।

शाखा अधिकृत

- महानगरका खोला संरक्षण अभियानलाई तीव्रता दिइ मापदण्ड विपरितका संरचनाहरू भत्काइ केरूङ्गा घोल र पुङ्गी खोला लगायतका खोलाहरूमा कोरिडर विकास गर्दै सौन्दर्यकरण गर्न ठेक्का बन्दोबस्त गरी निर्माण कार्य अगाडी बढेको छ।
- संघीय सरकारको सहयोग र सहकार्यमा महानगरपालिका भित्र निर्माणाधीन नेपालकै वृहद् महानगर चक्रपथ र लिङ्करोड निर्माण कार्य अगाडि बढिरहेको छ।
- बोलपत्र सम्झौता भई महानगरका अत्यावश्यक स्थानहरूमा स्मार्ट सार्वजनिक शौचालयहरूको निर्माण कार्य भै रहेको छ ।
- जंगली जनावरका कारण हुने मानवीय र बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न फाउण्डेसन सहितको मेसजाली निर्माण भइरहेको छ ।
- निर्माणाधीन राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण कार्य तीव्र गतिमा भइरहेको छ।
- कल्भर्ट निर्माण र विस्तारको कार्य बहुवर्षीय ठेक्काद्वारा अघि बढाउन प्राविधिक कार्यहरू भै रहेकाछन् ।
- महानगरभित्रका सबै सडकको नामाकरण गरी वैज्ञानिक घर नम्बर प्रणाली (मेट्रिक सिस्टम) वितरण गर्ने कार्यको लागि TOR तयार गरी प्रकृया अगाडी बढाइएको छ।
- पुल्चोक गोन्द्राङ्ग ६ लेन सडक र वाईपास रोडको सौन्दर्यीकरण र हरियाली प्रबर्धन कार्य तीव्रताका साथ अगाडि बढाइएको छ। दियालो बंगलामा क्षेत्रमा पार्क सहित थप पर्यटकीय पूर्वाधारहरूको निर्माणका लागि बोलपत्र आह्वान भई सम्झौताको चरणमा रहेको र संग्राहालय अवलोकनको लागि निरन्तर खुला गरिएको छ।
- विभिन्न जातजाति, धर्म र सम्प्रदायका विविधता झल्कने गरी राष्ट्रिय तथा स्थानीय कला र संस्कृतिको संबद्धनको लागि महानगर कलागृह का लागि वडा नं. २८ को गोलाघाट क्षेत्रमा (आर्टग्यालरी) निर्माण गर्न सम्भाव्यता अध्ययन र डि.पि.आर. तयारीका लागि TOR तयार गरिएको छ।
- मेयर विपन्न आवास कार्यक्रम सञ्चालन कार्यविधि जारी भै आवेदन संकलन जारी रहेको छ ।

**खानेपानी**

- मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने महानगरबासी उपभोक्ताको खानेपानी महसुलको भुक्तानी तथा विपन्न समुदायका घरधुरीलाई शुद्ध पिउने पानीको व्यवस्थापन निरन्तर भै रहेको छ ।

**वातावरण, हरियाली प्रवर्द्धन र सरसफाइ**

- स्थायी ल्याण्डफिल साइट निर्माणको लागि जिल्ला वन कार्यालयको समन्वयमा जलदेवी सामुदायिक वन क्षेत्रका रुखहरूमा टाँचा लगाउने कार्य सम्पन्न भएको छ। जग्गा भोगाधिकारका लागि भूसंरक्षण

विभागलाई राजस्व बापत तिर्नुपर्ने रकम भुक्तानीको प्रक्रियामा रहेको छ। फोहर व्यवस्थापनका लागि एन.के. ईन्टरनेशनलसंग भ्याट वाहेक रू ७ करोड ६१ लाखमा तीन वर्षे आय ठेक्का सम्झौता भई मंसिर १ गतेबाट फोहोरमैला संकलन र व्यवस्थापनको काम भैरहेको छ।

- गत असोजमा आएको बाढीले नारायणी नदी किनारमा बिगारेको सिवेज (Sewage) ढल मर्मत गरी पुन: सञ्चालनमा ल्याइएको छ ।
- "हाम्रो भरतपुर, राम्रो भरतपुर" अभियानलाई सार्थकता दिन स्थानीय टोल विकास समिति, आमा समूह, सुरक्षा निकाय, गैर सरकारी संस्थालगायतका सरोकारवाला संघसंस्थाहरूको सक्रियतामा नियमित सरसफाइ अभियान सञ्चालन गरिएको छ
- नर्सरी स्थापनाको लागि वडा नं २४ मा स्थान छनौट भई कार्य प्रारम्भ भएको र विभिन्न हरित सडकहरूमा वृक्षारोपणसहित सौन्दर्यकरणमा प्रगति भएको छ।

**विपद् व्यवस्थापन**

- विपद् प्रभावित २१ जनालाई ८ लाख १५ हजार राहत वितरण गरिएको, गत असोजको बाढीबाट प्रभावित काभ्रेपलान्चोक जिल्लाको तेमाल गाउपालिकालाई रु ५ लाख आर्थिक सहयोग प्रदान गरिएको छ।
- पश्चिम चितवनलाई लक्षित गरी भरतपुर महानगरपालिकाको २० नं. वडा कार्यालयबाट दमकल सेवा विस्तार गरिएको छ । दुवै स्थानमा रहेका दमकल सेवाबाट महानगरभित्र हालसम्म ५१ वटा आगलागीका घटनाहरूको नियन्त्रण गरिएको छ ।

**यातायात व्यवस्थापन**

- महानगरका मुख्य शहरी क्षेत्रको पार्किङ समस्या समाधानका लागि सम्भावित पार्किङ स्थलको पहिचान गरिएको, "साना तथा निजि सवारी साधन पार्किङ्ग व्यवस्थापन कार्यविधि, २०८१" जारी भई महानगर क्षेत्रमा सञ्चालित चार पाङ्ग्रे सार्वजनिक यातायातका साधनहरू र अटो रिक्साको दर्ता, अभिलेखीकरण, नवीकरण तथा स्टिकर वितरण कार्य शुरु गरिएको छ ।

**सामाजिक विकास**

शिक्षा: गुणस्तरीय शिक्षा महानगरको इच्छा

- लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई दिवा खाजा सहित प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गरिएको छ। बालविकास केन्द्रमा शिक्षक व्यवस्थापनको लागि ३० जना युवाहरूलाई स्वयंसेवक परिचालन गरिएको छ।

शाखा अधिकृत

- महानगरबाट प्रति दिन प्रति विद्यार्थी रू ५।- थप गरी सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराइएको छ। कक्षागत र विषयगत शिक्षक व्यवस्थापनका लागि संघीय र प्रादेशिक अनुदान तथा महानगरको युवा स्वयम् सेवा कार्यक्रममार्फत सबै माध्यमिक विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक व्यवस्थापन गरिएको छ ।
- अति सीमान्तकृत र लोपोन्मुख ७९६ जना र दलित समुदायका ४९७६ जना गरी सामुदायिक विद्यालयको आधारभूत तहमा अध्ययतरत लक्षित वर्गका सबै बालबालिकाहरूलाई शैक्षिक प्रोत्साहन कार्यक्रम अन्तरगत छात्रवृत्ति वितरण गरिएको छ। फरक क्षमता भएका बालबालिकाहरूको लागि आवासीय सुविधा सहित ६ वटा श्रोतकक्षा र ३ वटा विशेष विद्यालय सञ्चालनलाई निरन्तरता दिइएको छ। भरतपुर बालमन्दिर अटिजम विशेष विद्यालयमा स्पिच थेरापी सेवाको सुरूवात गरिएको छ।
- विद्यालयहरूको सेवा क्षेत्रको आधारमा अग्रणी विद्यालय (Lead School) र आधार विद्यालय (Satellite School) पहिचानको प्रक्रिया अगाडि बढाइएको छ। उपरोक्त दुई प्रकारका विद्यालयहरूवीचमा स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासको आधारमा शैक्षणिक प्रक्रियामा सहकार्यको नीतिगत प्रारूप तयार पारिएको छ।
- सामुदायिक विद्यालयहरूको व्यवस्थापन सुधार गरी गुणस्तरीय शिक्षा उपलब्ध गराउँन घोषित ३ वटै नमूना उन्मुख विद्यालयहरूमा विद्यालयकै प्रस्तावको आधारमा सूचना प्रविधि सम्बन्धी कार्यक्रम कार्यान्वयन भै सकेको छ ।
- अभिलेख, सूचना, सार्वजनिक सरोकारका विषयहरू र महाशाखाका गतिविधिहरूलाई समेटेर शैक्षिक वुलेटिन प्रकाशित गरिएको छ ।
- संस्थागत विद्यालयहरूमा सञ्चालित कक्षा ११ र १२ को विहानी कक्षालाई पाठ्यक्रमले तोकेको पाठ्यघन्टीको पूर्ण पालना हुने गरी कक्षा व्यवस्थापन गरिएको छ। आगामी शैक्षिक सत्र देखि सबै विद्यालयहरूमा कक्षा ११ दिवा समयमा मात्र सञ्चालन हुने गरी निर्णय गरिएको छ ।
- संस्थागत विद्यालयहरूबाट कक्षा १२ सम्म प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत, व्यवस्थित र पारदर्शी बनाइएको छ।
- पूर्व प्राथमिक कक्षा (मन्टेश्वरी), ट्युसन, कोचिङ सेन्टर, पुर्व तयारी कक्षा र भाषा शिक्षण सम्बन्धी संस्थाहरूको अभिलेखीकरण र नियमन प्रक्रिया शुरू भएको छ।
- विद्यालय अनुगमन र सुपरिवेक्षणलाई कार्यक्रमसङ्ग आवद्ध गरिएको छ। विद्यालयहरूमा योजना बाँडफाँड विद्यालयको प्रस्ताव, विद्यार्थी सङ्ख्या, स्थलगत अनुगमनसहित आवश्यकताको पहिचानको आधारमा

...शा अधिकृत

गरिएको छ। सामुदायिक विद्यालयहरूमा प्रति विद्यार्थी लागतको आधारमा निकासा दिँदा शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कलाई सत्यापन गरेरमात्र गरिएको छ ।

- चालु आर्थिक वर्षको संघीय सशर्त र आन्तरिक तर्फका अधिकांश योजनाहरू छनौट भई कार्यान्वयनको चरणमा रहेका छन् ।
- सामुदायिक विद्यालयमा नतिजा सुधार हुने अपेक्षा सहित माध्यमिक शिक्षा परीक्षा (SEE) र कक्षा ८ को परीक्षा नतिजा सुधारको लागि प्रधानाध्यापकहरूसङ्ग लक्ष्य निर्धारण सहित संझौता गरिएको छ। राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गरिएको छ ।
- शिक्षा, युवा तथा खेलकुद सम्बन्धी २ वटा कार्यविधिहरू संशोधन गरिएको छ ।
- विद्यालय भौतिक सुविधा विकास कार्यक्रममा अपुरा विद्यालय भवन निर्माणलाई प्राथमिकता दिई महानगरपालिकाबाटै निर्माण गरी निर्मित सरंचना विद्यालयलाई हस्तान्तरण गर्ने नीतिको कार्यान्वयन शुरू गरिएको छ ।

**भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**

- भरतपुर प्रज्ञा जर्नल ३, महानगर वाङ्मय कोष र महानगर साहित्य दर्पण ४ प्रकाशन कार्यको लागि सामग्री संकलन जारी रहेको छ ।

**युवा तथा खेलकुद**

- विद्यालय तहबाटै खेलकुद प्रतिभा पहिचान गर्न युवा स्वयंसेवी खटाइएको, खेलकुद प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न मेयर कप क्रिकेट प्रतियोगिता शुरू भएको छ। राष्ट्रपति रनिङ शिल्ड, उपमेयर कप भलिवल र विद्यालय फुटवल लिग प्रतियोगिताको तयारी पुरा भएको छ। सामुदायिक विद्यालयहरूलाई खेल सामग्री उपलब्ध गराइएको छ ।
- "उपमेयर युवा उद्यमशीलता" कार्यक्रम र इन्स्योर परियोजना अन्तरगत भरतपुर वहुप्राविधिक शिक्षालय र नारायणी वहु प्राविधिक शिक्षालयसङ्ग १० महिने तह २ को प्रोफेसनल विल्डिङ इलेक्ट्रिसियन र प्रोफेसनल कुक तालिम सञ्चालनको लागि सम्झौता गरिएको छ।
- मलेसियामा सञ्चालन हुने ICC women's Under 19 T20 World Cup क्रिकेट प्रतियोगितामा सहभागी हुने राष्ट्रिय महिला क्रिकेट टोलीका सबै २१ जना खेलाडीहरूलाई प्रति खेलाडी रू ५० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराउने घोषणा सहित गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशालाबाट विदाई गरिएको छ।

**स्वास्थ्य सेवा**

ा अधिकृत

- नवशिशु तथा वाल स्वास्थ्य, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनजस्ता कार्यहरूमा विशेष जोड दिदैं स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- बालबालिकाहरूले सबै खोप पाएको यकिन गरी महानगरपालिकालाई पूर्ण खोप सुनिश्चित महानगर घोषणा गरिएको छ।
- मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधी उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार ७४६ जनालाई औषधी उपचार खर्च उपलव्ध गराइएको छ।
- विपन्न नागरिक औषधी उपचार सिफारिस अन्तर्गत २६८ जनालाई निशुल्क उपचारका लागि विभिन्न अस्पतालहरूमा सिफारिस गरिएको छ। चितवन मेडिकल कलेजसङ्ग महानगरका स्थायी वासिन्दाहरूको उपचारमा महानगरको सिफारिसमा उपचार शुल्कमा ३० प्रतिशत, औषधी खरिदमा ७ प्रतिशत र क्यान्सर उपचारमा १० प्रतिशत छुट हुने गरी सम्झौता गरिएको छ।
- स्वास्थ्य शिविरमा ११७९ महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्दा शंकास्पद ५६ जनालाई थप उपचारका लागि सिफारिस गरिएको छ। स्वास्थ्य चौकीमा औषधिको नियमित आपुर्ति गरिनुका साथै आधारभूत प्रयोगशालाको व्यवस्था गरिएको छ।

**महिला, बालबालिका, गैर सरकारी संस्था र समुदाय परिचालन**

- महानगरका स्थायी बसोबासी गर्भवती महिलाद्धारा सरकारी स्वास्थ्य संस्थामा जन्मिएका छोरीहरू मध्ये हालसम्म जम्मा ९८७ जना छोरीहरूको बालउमङ्ग जीवन वीमा गरिएकोमा चालु आर्थिक वर्षमा जम्मा १७४ जना नानीहरूको जीवन विमा गरिएको छ भने १७० नानीहरूको पुराना विमाको नवीकरण सम्पन्न भएको छ ।
- हालसम्मका सबै प्रकारका आन्दोलनका शहिद तथा वेपत्ता ९२ परिवारका सदस्यहरूलाई मासिक रुपमा जिविकोपार्जन सहयोग उपलव्ध गराइएको छ।
- जम्मा २४०४ जनालाई अपाङ्गता परिचय पत्र बाडिएकोमा चालु आर्थिक वर्षको हालसम्म पूर्ण अशक्त १७, अतिअशक्त ५१, मध्यम अपाङ्गता ११ र सामान्य अपाङ्गता २ गरी जम्मा ८१ जनालाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ। मध्यम अपाङ्गता भएका ६२ जनालाई निशुल्क स्वास्थ्य बीमा गरिएको छ ।
- महानगर भित्रका बालगृहहरूको नियमित अनुगमन र नियमन भै रहेको छ। १६वटा बालगृहहरूमा २३१ जना बालक र ३१५ जना बालिका गरी जम्मा ५४६जना संरक्षित रहेका छन्। अनाथ तथा असहाय

अधिकृत

बालबालिकाहरूको सामाजिक सुरक्षा, संरक्षण, उद्धार तथा परिवार पत्ता लागेमा परिवारमा पुन:स्थापना गरिदै आएको छ।

- दलित र गैरदलित समुदायबाट अन्तरजातीय विवाह गर्ने ११ जोडीको लागि सम्मान सहित प्रोत्साहन रकम भुक्तानीको क्रममा रहेको छ।
- वडा नं. ६ लाई बालमैत्री वडा घोषणा गरिएको छभने वडा नं. १५,२६ र २४ घोषणाको प्रक्रियामा रहेकाछन् ।
- विभिन्न ११ वटा गैरसरकारी संघ सस्थाहरूलाई कार्य सञ्चालन अनुमति प्रदान गरिएको छ। महिला हिंसा नियन्त्रण एवम् मानव वेचविखन नियन्त्रणको क्षेत्रमा काम गर्ने सामाजिक संघसंस्थाहरूको क्लस्टर बैठक सम्पन्न गरिएको छ।
- गैर सरकारी संस्था गठन (दर्ता तथा नियमन) गर्ने विधेयक तयार गरिएको छ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण**

- चालु आर्थिक वर्षको हालसम्म जन्म १,७२०, मृत्यु ७८९, विवाह १,०६०, बसाई सराइ (आउने) ९६८, बसाई सराइ (जाने) ४७४ र सम्बन्ध विच्छेद १९० गरी जम्मा ५२०१ वटा घटनाहरू दर्ता भएका छन्। पुराना हस्तलिखित व्यक्तिगत घटनाका २,७२,८८३ अभिलेखहरूमध्ये पञ्जिकरण शाखाका कुल ६०,८३० को डिजिटाईज्ड भई ६ वटा वडाका ७५,६९४ पुराना घटनालाई स्थलगत रूपमा डिजिटाईज्ड गरिएको छ।
- सामाजिक सुरक्षावापत प्रथम त्रैमासिक अवधिको जम्मा २७,३२७ लाभग्राहीहरूलाई रु २७,७६,३३,६४५।– (अक्षरुपी सत्ताईस करोड छयत्तर लाख तेत्तीस हजार छ सय पैतालीस) सम्बन्धितको खातामा निकासा भएको छ ।

**कृषि पशुपक्षी व्यावसाय प्रवर्धन**

- भरतपुर महानगरपालिकाभित्र उत्पादित दुधमा कृषकहरूलाई प्रति लिटर रू ४।– अनुदान दिने प्रक्रिया अघि बढाइएको छ । दुध तथा मासु उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधानमार्फत पशु नक्ष सुधारको कार्य भै रहेको छ ।
- मागमा आधारित पशुसेवा तथा मत्स्य कार्यक्रम अन्तर्गत ५६ आवेदन प्रास भई स्थलगत अनुगमन कार्य सम्पन्न गरिएको छ साथै मत्स्य फर्महरूमा प्रयोग हुने विद्युत महसुलमा अनुदान वितरणको लागि आवेदन संकलन भैरहेको छ।

Pandey

...खा अधिकृत

- पशु स्वास्थ्य शिविर, हर्ड हेल्थ कार्यक्रम अन्तरगत आर्थिक अवस्था कमजोर भएका, रोजगारी नभएका, निर्वाहमुखी, सीमान्तकृत, विपन्न परिवारको जीविकोपार्जन कार्यक्रमको लागि आर्थिक विकास समितिबाट वडा पहिचान भई कार्यान्वयनको क्रममा रहेको छ ।
- रेविज रोकथाम तथा नियन्त्रणका लागि अभियानका साथ करिब ३५०० कुकुरहरूमा खोप लगाएको छ ।
- पशुपन्छीमा लाग्ने खोरेत, लम्पी स्किन तथा पिपिआरजस्ता विभिन्न संक्रामक रोगहरू विरूद्ध करिव ५ हजार पशुमा खोप कार्य सम्पन्न गरिएको छ।
- पशु बधशाला निर्माणका लागि पशु बधशाला व्यवस्थापन समिति गठन भई जग्गा खोजि कार्य भैरहेको छ ।
- कृषि औजार, उपकरण, अट्याचमेन्टहरूमा अनुदानको लागि ९० र साना सिंचाई, मझौला सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमको लागि ३३३ वटा आवेदन प्राप्त भएकोमा स्थलगत अनुगमन भैरहेको छ ।
- कृषक पाठशाला कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशित भै ९ वटा प्रस्ताव पेश भएका र सो प्रस्तावको मुल्याङ्कन गरी छनौटको क्रममा रहेको छ।
- उन्नत बीउमा कृषकलाई अनुदान कार्यक्रम अन्तरगत बर्षे धान, मकै, तोरी र गहुको विउ अनुदानको साथै हिउदे तरकारी सिडकिट कार्यक्रम सम्पन्न भई भुक्तानीको क्रममा रहेको छ। तेलहन, पुष्प, तरकारी, खाध्यान्न बाली, गहुँ, खेति साना सिचाई (स्यालो ट्युवेल), कृषि यन्त्रिकरणको लागि प्रस्ताव माग गरिएकोमा पेश भएका प्रस्तावहरूको मुल्याङ्कन कार्य भै रहेको छ ।
- किसान सूचीकरण कार्यक्रमको लागि गणक छनौट प्रक्रिया अगाडि बढाइएको छ।

**सहकारी तथा रोजगार प्रवर्धन**

- गत आर्थिक वर्षसम्म जम्मा २६६ र यस आर्थिक वर्षमा १६४ गरी जम्मा ४३० वटा सहकारी संस्थाहरूको विवरण सहकारी तथा गरिवी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अद्यावधिक गरिएको छ।
- दुग्ध उत्पादन सहकारी सस्थांहरूको लागि पचास प्रतिशत साझेदारीमा मेशिनरी औजार वितरण र सहकारी संस्थाहरूको पचास प्रतिशत लागत साझेदारीमा भौतिक पुर्वाधार निर्माण कार्यक्रमहरूमा प्राप्त आवेदनहरूको मूल्याङ्कन कार्य भैरहेको छ ।

शाखा अधिकृत

- सनराइज बचत तथा ऋण सहकारी सस्था लि. भरतपुर मनपा ३ मा भएको भनिएको आर्थिक हिनामिनाको छानविन गर्न सहकारी छानविन समिति गठन भै छानविनको क्रममा रहेको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- श्रम तथा पुनः श्रम स्वीकृति आबेदन कार्य अन्तरगत हालसम्म १०६९ जना लाभग्राहीहरूको श्रम तथा पुनः श्रम स्वीकृति दिने कार्य भएको छ ।
- वैदेशिक रोजगारको क्रममा अङ्गभङ्ग भएका र मृत्यु भएका श्रमिकहरूले पाउनुपर्ने आर्थिक सहयोगका लागि सम्बन्धित विभागसंग समन्वय गरिएको छ । उनीहरूको ४५ जना सन्ततिको लागि छात्रवृत्तिको आबेदन फारम FEWIMS System मा इन्ट्रि गरिएको छ।
- आ.ब. २०८१/८२ का लागि ३८२ महिला र १६० पुरूष गरी जम्मा ५४२ जना बेरोजगार व्यक्तिहरूको प्राथमिकताक्रम सूची प्रकाशन गरिएको छ ।
- रोजगार सिर्जना कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाहरूसंग आयोजना माग गरी कार्यविधि बमोजिम निर्देशन समितिबाट छनोट भई कार्यान्वयन शुरू गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास**

- महानगरपालिकामा कार्यरत सबै सेवा, श्रेणी र पदका कर्मचारीहरूको क्षमता विकास गर्न अधिकृत छैटौ तहका कर्मचारीहरूको सेवाकालिन तालिम सञ्चालन गरिएको छ।
- जोखिमयुक्त कार्य गर्ने कर्मचारीको दुर्घटना बिमा गर्ने नीति अनुसार ८७ जना नगर प्रहरी तथा वारुणयन्त्र इकाइमा कार्यरत कर्मचारीहरूको दुर्घटना बिमा गरिएको छ ।
- भवन निर्माण, सडक कालोपत्रे जस्ता प्राविधिक रुपमा जटिल प्रकृतिका योजनाहरू उपभोक्ता समिति मार्फत् सञ्चालन नगर्ने/नगराउने नीतिलाई निरन्तरता दिईएको छ।
- उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि बजार अनुगमनलाई तीव्रता दिईएको छ । हालसम्म २०६ वटा पसल/व्यवसायमा अनुगमन गरिएको छ ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नगरपालिकामा प्राप्त ११९ वटा उजुरीमा ११८ वटा फछ्र्यौट गरिएको छ।
- महानगरपालिका तथा वडाहरूबाट प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्य सम्पन्न भैसकेको छ ।
- राष्ट्रिय परिचयपत्र वितरण अन्तरगत २,२८७ जनाको राष्ट्रिय परिचयपत्र दर्ता तथा १५९ जनाको परिचय पत्र वितरण गरिएको छ।

**राजस्व प्रशासन**

शाखा अधिकृत

- प्रक्षेपित कुल आन्तरिक आम्दानी रु १ अर्ब ८० करोडमा हालसम्म रु ४५ करोड ६६ लाख अर्थात २६ प्रतिशत संकलन भएको छ।
- फोहर मैला संकलन कार्य आय ठेक्का व्यवस्थापन अन्तरगत सम्पन्न भएको छ ।
- महानगर स्तरीय राजस्व चुहावट नियन्त्रण समिति र वडास्तरीय राजस्व चुहावट नियन्त्रण समिति गठन गरी राजस्व चुहावट नियन्त्रण गर्ने कार्य प्रारम्भ गरिएको छ ।
- नदीजन्य पदार्थ उत्खननका लागि IEE अन्तिम चरणमा पुगेको छ ।

**आर्थिक प्रशासन**

- आ. व. २०८१।८२ को कुल बजेट रु ६ अर्ब ५६ करोड १ लाख ४३ हजार रहेको छ। जसमध्ये चालुतर्फ विनियोजित कुल बजेट रु २ अर्ब ७३ करोड ५२ लाख ६२ हजार तथा पूँजिगत खर्चतर्फ विनियोजित कुल बजेट रु ३ अर्ब ८२ करोड ४८ लाख ८० हजार मध्ये पौष पहिलो हप्तासम्म चालु तथा पूँजीगत खर्च क्रमश: रु ६७ करोड ६ लाख र रु २९ करोड १२ लाख अर्थात् क्रमश : २५ र ८ प्रतिशत भएको छ।
- विगत आ.व. मा कायम भएको बेरूजु फछ्यौट कार्यलाई प्राथमिकता दिइएको छ। आन्तरिक लेखापरीक्षण र मलेपको चरणमा देखिएका बेरूजुहरूलाई आवश्यक कागजात पेश गरी फस्यौंट गरिएको छ ।

**८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

- कार्यालय प्रमुखः लक्ष्मी प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)
- सम्पर्क नं. ९८५२८३५७५४

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूची:**

यस त्रैमासिकमा ५ वटा कार्यविधि पारित गरिएको ।

**१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण**

अधिकृत

आन्तरिक आयः

मिति २०८१।७।१ देखी २०८१।९।३० सम्म विभिन्न शिर्षकमा संकलन भएको राजश्व जम्मा रु ३६९३५४६७६।

व्यय विवरण :

२०८१ पौष मसान्त सम्मको खर्च विवरण

| विनियोजित रकम | बार्षिक बजेट (रु हजारमा) | खर्च रकम (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| १ चालुतर्फ | २७३५२६२। | ८११३६८। | २९.५६ |
| २ पूँजिगततर्फ | ३८२४८८०। | ३२०७३५। | ८.३९ |
| जम्मा | ६५६०१४३। | ११३२१०४। | १७.२५ |

११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः

यस त्रैमासिकमा सूचनाको हक प्रयोग गरी सूचना माग भएको छैन ।

| क स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |